मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत ५ गते बिहीबार ❑ 19 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## रास्वपाको योजना समग्र देशको विकास गर्नु हो: सभापति लामिछाने

**रासस**
काठमाडौं, ४ चैत




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले रास्वपाको योजना समग्र देशको विकास गर्नु रहेको बताउनुभएको छ।

रास्वपाद्वारा ललितपुरमा नवनिर्वाचित सांसदका लागि आयोजित अभिमुखीकरण तथा परिचयात्मक कार्यक्रमको समापन समारोहलाई बुधबार सम्बोधन गर्दै उहाँले सांसदले आफ्नो क्षेत्रको विकास गरेर मात्रै देशले न्याय नपाउने भएकाले समग्र मुलुकको विकासमा केन्द्रित हुन सबैलाई निर्देशा दिनुभयो। सभापति लामिछानेले जनताले दिएको जिम्मेवारी आफूहरूको काँधमा आइपुगेको भन्दै जिम्मेवार भई जनहितमा काम गर्न सबैलाई आग्रह गर्नुभयो । "संसद्को लोगो लगाएपछि पनि महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्छ, पारदर्शिता राजनीतिको महत्त्वपूर्ण पक्ष हो । सांसद निर्वाचित भएको व्यक्तिको जनतासँग सधैँ असल सम्बन्ध हुनुपर्छ, जनतासँग सुमधुर सम्बन्ध भएको नेतृत्व बन्नुस्, पाँच वर्ष जनताले आत्मसात् गर्नसक्ने, तपाईंको सम्बन्धले हरेक दिन उत्सव मनाउन सक्ने बनाउनुपर्छ", उहाँले भन्नुभयो । रास्वपालाई जनाताले कानुन बनाउने जिम्मेवारी दिएका भन्दै सभापति लामिछानेले कानुन निर्माताका रूपमा गहन जिम्मेवारी छन् भन्ने सबैले बुझ्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "बाहना बनाउन नपाउने गरी जनताले जिम्मेवारी दिएका छन्, पुराना राजनीतिक दललाई जनताले ३६ वर्ष कुरैँ, हामीलाई ३६ महिना पनि कुर्दैनन् । हामीले आफूलाई केन्द्रमा राखेर हैन, जनता र देशलाई केन्द्रमा राखेर काम गर्नुपर्छ ।"

सभापति लामिछानेले पार्टी जन्मेदेखि मुद्दा चलेको स्मरण गर्दै आफूहरूले संरक्षण गर्दै यहाँसम्म पुगेकाले आगामी दिनमा यसलाई थप मजबुत बनाउने जिम्मेवारी हाम्रै रहेको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "नागरिकको चेतनामाथि विश्वास गरेर हामी अगाडि बढ्छौँ । विचौलियासँग बसेर चिया खानु अगाडि सहिदको बलिदानलाई सम्झिनु होला ।" यो सामान्य निर्वाचनबाट आएको जनमत नभएको भन्दै सभापति लामिछानेले विशेष परिस्थिमा जनतालाई रास्वपालाई विश्वास गरेकाले जिम्मेवारीबोध भई काम गर्न सबैलाई आग्रह गर्नुभयो । "वैदेशिक सम्बन्धमा आँच आउने खालका सार्वजनिक अभिव्यक्ति नदिनुहोला, प्रभावकारी रूपमा सांसदको जिम्मेवारी निर्वाह गर्नुहोला । मत दिएका जनताको चुलो बल्ने व्यवस्था मिलाउनु होला, सरकारी अस्पतालमा उपचार गराउनु होला, सादगी जीवनशैली अपनाउनुहोला", उहाँले भन्नुभयो ।

सभापति लामिछानेले पार्टीले उठाएको 'राइट टु रिकल'को व्यवस्थालाई यसपटक कडाइका साथ लागू गर्नुपर्नेमा जोड दिँदै अनुशासित भएर स्वतन्त्रताको उपयोग गर्न सबैलाई मार्गनिर्देश गर्नुभयो ।

"तपाईंको माध्यमबाट तपाईंको क्षेत्रका जनताले सुख पाउनुपर्छ । तपाईं अध्ययनशील हुनुपर्छ, नागरिकसँग सधैँसँगै हुनुपर्छ । संसद् चलेको समयबाहेक तपाईं नागरिकसँग हुनुपर्छ । पार्टीले ज्ञान सीप र क्षमता हेरेर मन्त्री बनाउँछ", उहाँले भन्नुभयो । उहाँले देशको सबैभन्दा ठूलो समस्या सामाजिक न्याय भएकाले त्यसका लागि पैरवी गर्नुपर्नेमा जोड दिनुभयो । "सामाजिक न्याय नभएको समाज मानिस बस्ने समाज हैन, एउटा चुनावबाट अर्को चुनाव हैन एउटा पुस्ताबाट अर्को पुस्ताका लागि हामी लडेका हौँ", सभापति लामिछानेले भन्नुभयो, "वर्तमान व्यवस्था र संविधानप्रति हामी प्रतिबद्ध छौँ । हामी विजयी हुनु भनेको जिम्मेवार हुनु हो, त्यसैले अनुशासित भएर आआफ्नो जिम्मेवारी निर्वाह गर्नेछौँ।" सभापति लामिछानेले अब सुशासनको क्षेत्रमा नयाँ मानक कायम हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले पार्टीबाट निर्वाचित सांसदहरूलाई देशको संविधान, संसद्को नियमावली र पार्टीको विधानअनुसार मुलुक र जनताप्रति इमानदार भएर काम गर्न आग्रह गर्नुभयो। "नेपाल लगानीका लागि सुरक्षित देश हो भनेर अन्तरराष्ट्रिय समुदायलाई आश्वस्त पार्न चाहान्छौँ", उहाँले भन्नुभयो ।

## प्याराग्लाइडिङ प्रतियोगितामा अपेक्षित सहभागिता भन्दा निकै कम खेलाडी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

इरान र अमेरिकाबीच बद्दो युद्ध तनावले अन्तर्राष्ट्रिय हवाई उडानमा असर पार्दा पोखरामा आयोजना हुन लागेको २१औँ खुल्ला नेपाल प्याराग्लाइडिङ च्याम्पियनसिप प्रत्यक्ष प्रभावित भएको छ। करिब एक सय जना खेलाडी सहभागि हुने अपेक्षा गरिएको प्रतियोगितामा अन्ततः ५ देशका ६२ जना मात्र सहभागी हुने भएका छन् ।

प्रारम्भमा ७ देशका करिब ९० जना पाइलट दर्ता भए पनि अन्ततः बुधबार साँझसम्म ५ देशका ६२ जना खेलाडीहरु मात्र प्रतियोगितामा सहभागि हुने भएको आयोजक नेपाल हवाई खेलकुद संस्था (ना) ले जनाएको छ । पछिल्लो अन्तर्राष्ट्रिय परिस्थितिका कारण करिब २५ जना खेलाडीले अन्तिम समयमा सहभागिता रद्द गरेको प्रतियोगिताका संयोजक सुनिल भट्टराईले बताउनु भयो । विशेषगरी युरोपियन खेलाडीहरू हवाई उडानको असहजताका कारण आउन नसक्ने जानकारी गराएको उहाँले जनाउनु भयो ।

यद्यपि, यस्तो प्रतिकूल अवस्थाबीच पनि आयोजकले बुधबार अभ्यास सुरु गरेको प्रबिधिक प्रमुख बिमल अधिकारीले बताउनु भयो ।

अघिल्ला वर्षहरूमा प्रतियोगिता अवधिभर बन्द गरिने व्यवसायिक (टेण्डम) प्याराग्लाइडिङ यस वर्ष भने सञ्चालन हुने भएको उहाँले जनाउनु भयो । यसले प्रतियोगिता चलिरहँदा पनि पर्यटकलाई उडानको अवसर दिनेछ, जसले केही हदसम्म आर्थिक गतिविधि चलायमान बनाउने अपेक्षा गरिएको छ। प्रतियोगिताको लागि आवश्यक सुरक्षाको व्यबस्था मजबुत पारिएको सेफ्टी डाइरेक्टर योगेश भट्टराईले बताउनु भयो । प्रतियोगिताअन्तर्गत सोलो उडान सराङकोटबाट टेकअफ गरी खपौदीमा अवतरण गराइनेछ भने टेण्डम उडान तोरीपानीबाट टेकअफ भई पामेमा ल्याण्ड गराइने व्यवस्था मिलाइएको ना का अध्यक्ष अनिल केसीले बताउनु भयो । टेण्डम उडानका लागि सामान्यतया ८ हजार ५ सय रुपैयाँ शुल्क लाग्ने र यसमा फोटो, भिडियो तथा यातायात सुविधा समेत समावेश रहने बताइएको छ। चैत ५ देखि ७ गतेसम्म सञ्चालन हुने प्रतियोगिता "एक्युरेसी" विधामा हुनेछ। प्रतियोगितामा पुरुष, महिला तथा टिम इभेन्टतर्फ आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ भने करिब ३० लाख रुपैयाँ लागत अनुमान गरिएको छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशले १० लाख रुपैयाँ सहयोग गर्ने जनाएको छ । यसैबीच, प्रतियोगिताको पूर्वसन्ध्यामा फेवाताल किनार स्थित खपौदी क्षेत्रमा बृहत् सरसफाइ अभियान सञ्चालन गरिएको थियो ।

स्थानीय संघसंस्था र समुदायको सहभागितामा गरिएको अभियानले वातावरण संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा सकारात्मक सन्देश दिने विश्वास गरिएको छ। यस्तो अवस्थामा पनि टेण्डम फ्लाइट सञ्चालनजस्ता प्रयासले भने पर्यटन क्षेत्रलाई केही राहत दिने अपेक्षा गरिएको छ। मध्यपूर्वमा जारी युद्धले केवल खेलकुद मात्र होइन, पर्यटन र समग्र अर्थतन्त्रमा समेत असर पारिरहेको छ। पेट्रोलियम पदार्थको मूल्यवृद्धि, ग्यास अभावजस्ता समस्याले नेपालमा आर्थिक दबाब बढाइरहेको अवस्थामा अन्तर्राष्ट्रिय प्रतियोगितामा घट्दो सहभागिताले पर्यटन क्षेत्रलाई थप चुनौती दिएको छ।

## प्रधानन्यायाधीश राउतद्वारा तनहुँ जिल्ला अदालत निरीक्षण

**पोखरापत्र संवाददाता**
दमौली, ३ चैत

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले बुधबार यहाँस्थित जिल्ला अदालतको निरीक्षण गर्नुभएको छ ।

सो अवसरमा प्रधानन्यायाधीश राउतले तनहुँ जिल्ला अदालतका विभिन्न शाखाको निरीक्षण गर्दै सेवा प्रवाहका बारेमा जानकारी लिनुभयो । त्यसक्रममा प्रधानन्यायाधीश राउतले जनतालाई सहज र सरल रुपमा सेवाप्रवाह गर्न निर्देशन दिनुभएको छ। उहाँले अदालतप्रति आमनागरिकको भरोसा न्याय प्रणालीको मेरुदण्ड भएको उल्लेख गर्दै असहज परिस्थितिमा पनि सेवाग्राहीलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिनुभयो । तनहुँ जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद उपाध्यायले तनहुँ अदालतमा जेनजी आन्दोलनबाट भएको क्षति, हाल प्रवाह भइरहेको सेवाबारेमा जानकारी गराउनुभएको थियो । अदालतका स्रेस्तेदार नन्दप्रसाद आचार्यले जेनजी आन्दोलनका क्रममा भएको तोडफोडले कार्यालय कक्ष, कागजात व्यवस्थापन तथा दैनिक कार्यसञ्चालनमा केही असहजता सिर्जना गरेको जानकारी दिनुभयो । यद्यपि, चुनौतीपूर्ण अवस्थाबीच पनि कर्मचारी र न्यायिक निकायको समन्वयमा सेवाप्रवाह नरोकिएको उहाँले उल्लेख गर्नुभयो ।

## निर्वाचन सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गरेकामा प्रधानमन्त्रीद्वारा नेकपालाई धन्यवाद

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत

प्रधानमन्त्री सुशीला कार्कीले नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेताहरूलाई निर्वाचन सफल पार्न सहयोगी भूमिका निर्वाह गरेकामा धन्यवाद दिनुभएको छ।

नेकपाका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नारायणकाजी श्रेष्ठ, वर्षमान पुनलगायत नेताहरू आज प्रधानमन्त्रीको निमन्त्रणामा बालुवाटार पुग्नुभएको थियो ।

उहाँहरूबीच हालै सम्पन्न प्रतिनिधिसभाको निर्वाचन र समसामयिक राजनीतिक विषयमा पनि छलफल भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिनुभयो । उहाँले निर्वाचनमा विजय हुनुभएका नेताहरूलाई बधाई पनि दिनुभएको प्रेस सल्लाहकार रावलले बताउनुभयो । प्रधानमन्त्री कार्कीले भन्नुभयो, "तपाईंहरूले निर्वाचनमा भाग लिनुभयो । यो निर्वाचनको पक्षमा सकारात्मक वातावरण बनाउनुभयो र मुलुकलाई शान्तिपूर्ण र लोकतान्त्रिक विधिबाट निकास दिन सहयोगी भूमिका निर्वाह गर्नुभयो। यसका निम्ति सबैलाई धन्यवाद छ । निर्वाचित प्रतिनिधिसभा सदस्यलाई बधाई तथा सफल कार्यकालको शुभकामना छ।"

भेटका क्रममा नेकपाका संयोजक दाहालले भन्नुभयो, "यो निर्वाचन नभएको भए मुलुक अर्को ठूलो दुर्घटनामा जान सक्ने सम्भावना थियो । यसमा जुन साहस र मेहनतका साथ तपाईंले काम गर्नुभयो, यो निकै महत्त्वपूर्ण र प्रशंसालायक छ ।" सुरुकै दिनदेखि आफू र आफ्नो पार्टी निर्वाचनको पक्षमा उभिएको पनि उहाँले स्मरण गर्नुभयो। अस्तव्यस्त अवस्थामा रहेको मुलुकलाई सम्हालेर छ महिनाभित्रै चुनाव गराउने कार्य निकै चुनौतीपूर्ण भए पनि प्रधानमन्त्री कार्कीको छवि, इमान र दृढताका कारण सम्पन्न भएको उहाँहरूको भनाइ छ।

यसअघि प्रधानमन्त्री कार्कीले नेपाल कम्युनिष्ट पार्टी (एमाले)लगायत राजनीतिक दलका नेता तथा प्रतिनिधिलाई भेट गरी निर्वाचन सफल पार्न सहयोगी भूमिका निर्वाह गरेकामा धन्यवाद दिइसक्नुभएको उहाँको सचिवालयले जनाएको छ।

## कस्केली अधिकृत समाजमा संरक्षक तथा सल्लाहकार चयन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ चैत



कस्केली अधिकृत समाजको कार्यसमिति बैठकले समाजका संरक्षक एवम् सल्लाहकार चयन गरेको छ।

समाजको आठौं अधिवेशन पछिको पहिलो बैठकले समाजका संरक्षकद्वयमा शिवप्रसाद पराजुली र कृष्णकान्त सिग्देललाई चयन गरेको छ । बैठकले समाजको सल्लाहकारहरूमा दुर्गाबहादुर शाह(बाबा), देबेन्द्र केसी, प्रेमप्रकाश गौतम, भगवान पन्त, विष्णुप्रसाद बराल, ऋषिराम लामिछाने र लोकनाथ दवाडीलाई चयन गरेको समाजका सचिव महेश पौडेलले जानकारी दिनुभयो । त्यस्तै कार्यसमितिको सदस्यमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका बरिष्ठ मेडिकल रेकर्डर अधिकृत भीम पौडेललाई चयन गरिएको छ । बैठकले नयाँ वर्ष २०८३ को क्यालेन्डर प्रकाशनका लागि सचिव महेश पौडेलको संयोजकत्वमा शीला बराल सापकोटा, अमृत कंडेल, अनिल सुवेदी र सन्ध्या पौडेल रहनुभएको उपसमिति गठन गरेको छ। त्यस्तै समाजले वर्षेनी गर्दै आएको पर्यटन प्रवर्द्धनात्मक भ्रमण कार्यक्रमका लागि सह सचिव वासुदेव पौडेलको संयोजकत्वमा अनिलकुमार शाही, वसन्त चालिसे, मैया पराजुली र चन्द्रवती अधिकारी सदस्य रहनुभएको उपसमिति गठन गरेको छ। बैठकमा समाजको ११ औं साधारणसभा तथा आठौं अधिवेशन एवम् अधिकृत आवाज अंक ११ को लोकर्पण कार्यक्रममा साथ र सहयोग गर्ने सबैमा धन्यवाद ज्ञापन गरेको छ। समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीको सभापतित्व एवम् सचिव महेश पौडेलले सञ्चालन गर्नुभएको बैठकमा समाजका विगतका कार्यक्रमको समिक्षा सहित आगामी कार्य योजना लगायतका विषयमा पदाधिकारी तथा सदस्यले आ आफ्ना धारणा राख्नुभएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा सूर्य नेपाल वेस्टर्न ओपन सुरुः पहिलो दिन ५ गल्फर शीर्षस्थानमा

पोखरापत्र संवाददाता
पोखरा, ४ चैत

पर्यटकीय नगरी पोखरामा सूर्य नेपाल गल्फ टुर २०२५/०२६ अन्तर्गत पाँचौं प्रतियोगिता तथा २६ औं संस्करणको सूर्य नेपाल वेस्टर्न ओपन सुरु भएको छ । हिमालयन गल्फ कोर्समा बुधबारदेखि सुरु भएको प्रतियोगिताको पहिलो दिन पाँच गल्फर संयुक्तरुपमा शीर्षस्थानमा रहनु भएको छ ।

प्रोफेसनल गल्फर शुक्र बहादुर राई, भुवन नगरकोटी, भु बहादुर गुरुङ र जयराम श्रेष्ठ तथा एमेच्योर राहुल विश्वकर्माले इभन-पार ६९ को स्कोरमा शीर्षस्थान रहन सफल हुनु भएको हो । १-ओभर ७० को स्कोरमा सञ्जय लामा छैटौं, २-ओभर ७१ को स्कोरमा रमेश अधिकारी सातौं र र ३-ओभर ७२ सहित भुवन कुमार रोक्का आठौं स्थानमा रहनु भएको छ । ४-ओभर ७३ स्कोर निकाल्नु भएको रवि खड्का र प्रदीप कुमार लामाले संयुक्तरुपमा नवौं स्थानमा रहनु भयो । शुक्रले फ्रन्ट नाइन २-ओभर ३६ मा सक्काउनु भयो भने पहिलो, तेस्रो, छैटौं र सातौं होलमा बोगी खेप्नु भएको उहाँले पाँचौं र नवौं होलमा एक-एक सट बचाउनु भयो । ब्याक नाइनमा सम्हालिँदै २-अन्डर ३३ खेल्दै १५औं होलमा एक सट खेर फाल्दा १०औं, १४औं र १७औं होलमा बर्डी प्रहार गर्नुभयो ।

पछिल्लो दुई प्रतियोगिता जित्नु भएको भुवनले फ्रन्ट नाइन इभन-पार ३४ मा सक्काउने क्रममा पहिलो नौ होलमा पार जोगाउनु भयो । ब्याक नाइन पनि इभन-पार ३५ खेल्नुभयो । १०औं र १३औं होलमा बर्डी प्रहार गर्दा ११औं र १२औं होलमा बोगी खेप्दै उहाँले कूल १४ वटा होलमा पार जोगाउनु भयो । पोखराका घरेलु गल्फर भु बहादुरले पनि फ्रन्ट नाइन इभन-पार ३४ र ब्याक नाइन इभन-पार ३५ मा सक्काउनु भयो । उहाँले तेस्रो होलमा बर्डी र सातौं होलमा बोगी खेप्नु भयो । यसपछि १२ औं र १६औं होलमा बोगी खेप्दा १०औं र १५औं मा बर्डी प्रहार गर्नुभयो । जयरामले बोगीबाट दिनको सुरुवात गर्नुभयो र पाँचौं र नवौं होलको बर्डीले फ्रन्ट नाइन १-अन्डर ३३ मा सक्काउनु भयो । त्यसपछि १६औं होलमा बोगी खेल्दा बाँकी होलमा पार जोगाउँदै ब्याक नाइन १-ओभर ३६ मा सक्काउनु भयो ।

एमेच्योर राहुलले फ्रन्ट नाइन इभन-पार ३४ र ब्याक नाइन इभन-पार ३५ मा पुरा गर्नुभयो । पहिलो र १७औं होलमा एक-एक सट बचाउँदा नवौं र दशौं होलमा बोगी खल्नुभयो । एमेच्योरतर्फ राहुलले ५ स्ट्रोकको अग्रता बनाउनु भयो । प्रज्वल गुरुङ ५-ओभर ७४ सहित दोस्रो स्थानमा रहदा ८-ओभर ७७ खेल्नु भएको कवि थापा तेस्रो स्थानमा रहनु भयो । नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपिजीए) द्वारा आयोजित प्रतियोगितामा २६ प्रोफेसनल तथा १६ एमेच्योर खेलाडीको सहभागिता रहेको छ । तीन दिने प्रतियोगिता ५४ होलको हुनेछ । दोस्रो दिनको समाप्तीपछि कट लागु हुनेछ। १८ शीर्ष प्रोफेसनल र एमेच्योर खेलाडीहरूले अन्तिम १८ होलको लागि कट बनाउनेछन् ।

सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा यो पटक कुल पुरस्कार राशि वृद्धि गरिएको छ । कुल १० लाख ५० हजार नगद पुरस्कार रहेको यो प्रतियोगिताको विजेताले १ लाख ७० हजार नगद पुरस्कार प्राप्त गर्नेछ। यस्तै दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश १ लाख २५ हजार र १ लाख रुपैयाँ प्राप्त गर्नेछन्। साथै शीर्ष १८ स्थानमा रहने अन्य प्रोफेसनल खेलाडीहरूले पनि नगद पुरस्कार प्राप्त गर्नेछन् ।



जहाज र माछापुच्छ्रे हिमालः पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट मङ्गलबार बिहान चीनको ल्हासा जान लागेको हिमालय एयरलाइन्स र मौसम खुलेसँगै देखिएको माछापुच्छ्रे हिमाल । तस्बिरः राधिका कँडेल / रासस

# गण्डकी प्रदेश क्रिकेट टोलीको खेल पोशाक सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, ४ चैत

गण्डकीप्रदेश क्रिकेट टोलीको नयाँ खेल पोशाक सार्वजनिक गरेको छ । प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा बुधबार आयोजित एक समारोहका बिच उक्त पोशाक सार्वजनिक गरेसँगै खेलाडीहरूलाई हस्तान्तरण समेत गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य ले पोशाक सार्वजनिक गर्दै पोखरालाई खेलकुदको 'स्पोर्ट्स हब' का रूपमा विकास गर्न महानगर प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले छिट्टै 'पोखरा कप अन्तर-महानगर क्रिकेट च्याम्पियनसिप' आयोजना गरिने घोषणा गर्नुभयो ।

कार्यक्रममा नेपाल क्रिकेट संघ (क्यान) का केन्द्रीय सदस्य सुदिप शर्मा ले खेलाडीहरूको सीप विकास र आवश्यक पूर्वाधार निर्माणमा क्यानले योजनाबद्ध रूपमा काम गरिरहेको जानकारी दिनुभयो । यसैगरी, खुमा फाउन्डेशन का अध्यक्ष लेखनाथ शर्मा ले खेलकुद विकासमा निजी क्षेत्रको सहभागिता महत्वपूर्ण हुने बताउनु भयो ।

प्रादेशिक क्रिकेट संघ गण्डकीका अध्यक्ष सज्जयकान्त सिग्देल को अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । गण्डकी प्रदेश टोली अब एक सातापछि सुरु हुने केन्द्रीयस्तरको पीएम कप एकदिवसीय क्रिकेट प्रतियोगिताको तयारीमा रहेको अध्यक्षच सिग्देलले जनाउनु भयो ।

प्रारम्भिक रूपमा २७ जना खेलाडीलाई क्लोज क्याम्पमा राखिएको छ भने प्रदर्शनका आधारमा अन्तिम १४ सदस्यीय टोली घोषणा गरिने उहाँले जनाउनु भयो । पिएम कप प्रदेश स्तरिय छनौट क्रिकेट हालै पोखरामा सम्पन्न भएसँगै कास्की च्याम्पियन भएको थियो ।

# पर्वतीय दौडलाई पोखराको नयाँ ब्रान्ड बनाउँदै दूरी बढाउन सुझाव

पोखरापत्र संवाददाता
पोखरा, ४ चैत

विश्व पर्यटन दिवसका सन्दर्भमा पोखरामा आयोजना हुँदै आएको पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगितालाई पोखराको नयाँ ब्रान्डका रूपमा विकास गर्न सरोकारवालाहरूले जोड दिएका छन् । पोखरा क्लिक र पोखरा प्रबर्द्धन केन्द्रको आयोजनामा पोखरामा संचालन हुदै आएको आठ किलोमिटर दूरीको उक्त पर्वतीय दौडलाई विस्तार गरी हाफ म्याराथन (२१ कि.मी.) हुँदै फूल म्याराथनको अवधारणामा लैजानुपर्ने सुझाव समेत दिए ।

बुधबार पोखरास्थित सिल्भर प्लेट पार्टी प्यालेसमा आयोजित दोस्रो संस्करणको समीक्षा कार्यक्रममा बोल्दै सरोकारवालाले प्रतियोगितालाई दीर्घकालीन रूपमा स्थापित गर्दै अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउनुपर्नेमा जोड दिएका हुन् । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले प्रतियोगितालेखेलपर्यटनप्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउँदै विदेशी धावकहरूको सहभागिता अझ बढाउनुपर्नेमा जोड दिए । उनले 'रन फर रन' जस्ता कार्यक्रम समावेश गरी अन्तर्राष्ट्रिय धावक आकर्षित गर्न तथा छुट्टै वेबसाइटमार्फत प्रचारप्रसारलाई सशक्त बनाउन सुझाव दिए । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले ट्रायलरन र पर्वतीय दौड विदेशी पर्यटकमाझ लोकप्रिय हुने भएकाले समयमै प्रभावकारी प्रचार आवश्यक रहेको बताए । उनले पुम्दी-भुम्दीबाट पञ्चासेसम्मको रुट विस्तार गर्नु सुझाव दिए । टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले प्रतियोगितालाई २१ किलोमिटर हाफ म्याराथनका रूपमा विकास गर्नुपर्ने बताए । होटल संघ पोखराका द्वितीय उपाध्यक्ष गणेशराज पहारीले प्रतियोगिताको स्थल आफैंमा आकर्षक गन्तव्य भएकाले यसलाई थप विस्तार गर्दै तारेभिर हुँदै पञ्चासेसम्म पुऱ्याउन आग्रह गरे । जिल्ला समन्वय समिति



कास्कीका समन्वय अधिकारी नवराज बरालले अघिल्ला संस्करणहरूको सूक्ष्म विश्लेषण गरी आगामी संस्करणलाई अझ परिस्कृत बनाउनुपर्ने बताए । पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमले प्रतियोगिताले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याएको उल्लेख गर्दै आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

प्राविधिक संयोजक ओम गुरुङले दोस्रो संस्करणमा उल्लेखनीय सुधार भएको बताउँदै तेस्रो संस्करणलाई अझ व्यवस्थित र बृहत बनाउनुपर्ने धारणा राखे । मेडिकल टिमका संयोजक एवं नेलम्बो नेपालका कार्यक्रम अधिकृत भीमप्रसाद भण्डारीले स्वास्थ्य सुरक्षालाई थप प्रभावकारी बनाउन रणनीति परिमार्जन गरिएको जानकारी दिए । गण्डकी प्रदेश एथलेटिक्स सङ्घका महासचिव मनबहादुर थापाले एथलेटिक्सतर्फ धेरै विधा भएकाले वातावरण र त्यहाँको वस्तुस्थितिले गर्दा निकै उपयुक्त र पर्यटकीय आकर्षणको निकै लोभलाग्दो दौड भएको बताए । वडा युवा परिषद् पोखरा २२ का अध्यक्ष दिनेश बरालले समग्रमा उक्त प्रतियोगिता राम्रो भएको बताउँदै यसपाला जेन्जी आन्दोलनले धेरै कार्यक्रमहरू स्थगित भएको अवस्थामा पनि उक्त प्रतियोगिताले निरन्तरता पाएकोमा खुसी व्यक्त गरे ।

पत्रकार कृष्णप्रसाद दवाडीले प्रतियोगितालाई समयमै समीक्षा गर्दै थप व्यवस्थित बनाउन र पोखरेली समुदायले अपनत्व लिनुपर्नेमा जोड दिए । पत्रकार सन्देश श्रेष्ठले प्रतियोगितालाई व्यावसायिक रूपमा पवर्द्धन गरेर हाफ म्याराथनको रूपमा स्तरोन्नति गर्न सुझाव दिएका छन् । पोखरा प्रबर्द्धन केन्द्रका उपाध्यक्ष असफल गौतमले सरोकारवालाका सुझावलाई मनन गर्दै आगामी संस्करणलाई थप परिस्कृत गर्दै लाग्ने बताए । जेनजी आन्दोलनको कठिन परि स्थितीमा प्रतियोगिताले पोखरा क्षेत्रको खेल पर्यटन प्रबर्द्धन गर्न निरन्तरता दिएको बताउदै प्रतियोगिताका संयोजक दीननाथ बरालले प्रतियोगिता हरेक वर्ष विश्व पर्यटन दिवसको अघिल्लो शनिबार आयोजना हुने जानकारी दिए । गत असोज ११ गते सम्पन्न दोस्रो संस्करणमा नेपालसहित आठ देशका १६७ धावक सहभागी भएका थिए । प्रतियोगितामा सुदूरपश्चिमका नरेन्द्रसिंह रावतले उपाधि जित्दा विदेशीतर्फ फ्रान्सका थियो डनेट तथा भेट्टान्सतर्फ किशोर थापा विजेता बनेका थिए । विभिन्न विधाका विजेतालाई कुल २ लाख ९ हजार रुपैयाँ पुरस्कार वितरण गरिएको थियो । प्रतियोगिता नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रवर्द्धन तथा पोखरा महानगरपालिका, पोखरा २२, प्रदेश खेलकुद परिषद, वेलायतनिवासी अन्तराष्ट्रिय धावक ले.रि.कुसाङ गुरुङसहित विभिन्न संघसंस्था एवम् व्यक्तिको सहयोगमा सम्पन्न भएको थियो । प्रतियोगिता सफल पार्न टेलिभिजन पार्टनरमा सिटीवान टेलिभिजन, रेडियो पार्टनरमा सफलता रेडियो, मेडिकल पार्टनर नेलम्बो नेपाल, हस्पिटल पार्टनर नमस्ते हस्पिटल, अफिसियल इन्स्योरेन्समा यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड, आधिकारिक ड्रिङ्किङ वाटरका रूपमा ग्लेज नेचुरल स्प्रिङ वाटरले साथ दिएको थियो ।

पोखरा भ्रमण वर्ष २०२५, माछापुच्छ्रे गाउँपालिका, रूपा गाउँपालिका, मादी गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, मजेष्टिक लेक फ्रन्ट होटल एण्ड सुइट्स, हिमश्री फुड्स प्रा.लि./केसी ग्रुप, होटल बाराही, प्याराडिसो ग्रिल एण्ड बार, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, ओम हस्पिटल, एस.के. साउड एण्ड म्युजिक हाउस, टान गण्डकी, परिचय एड्भरटाइजिङ, होटल संघ पोखरा नेपाल, ईजी ग्रुप, अन्नपूर्ण केवलकारको सहयोग रहेको थियो । त्यसैगरी, विश्व शान्ति स्तुप समिति, पुम्दीकोट कोट विकास समिति, कालाबाङ घरेडी बुद्धपार्क समिति, पोखरा पर्यटन परिषद्, गण्डकी प्रादेशिक क्रिकेट संघ, मुभइन राइड मेड सिम्पल, टाइगर ग्रुप अफ पोखरा, सोल्टी पानी, बुमह्याङ रेष्टुरेण्ट, रेवान पोखरा, पोखरा एल्फा कास्की, फ्रेस इलिमेन्ट्स रेष्टुरेण्ट एण्ड बार, पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी, मझ्खिान माउण्टेन न्यू रिसोर्ट, सोसल पब्लिक स्कुल, पोखरेली ट्याक्सी सेवा प्रा.लि, हिमालय कम्प्युटर, हिल प्वाइट हाई स्कुल पोखरा २२ वडा युवा परिषद्, एम्बुलेन्स चालक इकाइ कमिटी कास्की लगायतको सहयोग थियो ।

# पोखराको चुरुङ्गामा जिल्लास्तरीय भजन गायन प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, ४ चैत

चैते दशैंको छेको पारी पोखरामहानगरपालिका वडा नं. १९ चुरुङ्गामा जिल्लास्तरीय भजन गायन प्रतियोगिता हुने भएको छ ।

चुरुङ्गामा अवस्थित प्राचिन दुर्गामन्दिर एवं गौरीशंकर ब्रह्मविद्यापीठको प्राङ्गणमा हालै पुर्ननिर्माण गरिएको दुर्गा पाञ्चायन मन्दिरको दोस्रो वार्षिकोत्सवसँगै जिल्लास्तरीय भजन गायन प्रतियोगिताको तयारी शुरु गरिएको मन्दिरका कार्यबाहक अध्यक्ष शंकर गौतमले जानकारी दिए । यही चैत ११ गते हुने प्रतियोगितामा जिल्ला बाहिरका सहित करिब १५ टोलीको सहभागिता रहने कार्यक्रम संयोजक सन्दीप केसीले बताए । उनका अनुसार कार्यक्रमलाई व्यवस्थित गर्न बिभिन्न संघ संस्था, आमा समुह, धार्मिक संस्था लगायतसँग सहकार्य भईरहेको छ । पत्राचार देखि आन्तरिक व्यवस्थापनको कार्यलाई तिव्र बनाईएको उनले जानकारी दिए ।

कार्यक्रममा राष्ट्रिय लोक भजन चुड्का संरक्षण अभियान कास्कीको विशेष प्रस्तुति रहने बताईएको छ । महेश गुरुकुल, देवघाटका प्राचार्य फणिन्द्रराज पौडेलको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा विभिन्न धार्मिक संघ संस्थाको सहभागिता रहने मन्दिर पुर्ननिर्माण समितिका सचिव विकास गौतमले बताए ।शताब्दी पुरानो सो मन्दिर बनाईएको छ । मन्दिर संचालनका लागि गतवर्ष आयोजना गरिएको महायज्ञबाट १ करोड १६ लाख संकलन भएको थियो । संकलित रकमबाट खर्च कटाएर बाँकी रहेको ६१ लाख हाल कोषमा राखिएको महायज्ञ व्यवस्थापन समितिका महासचिव रहेका गौतमले जानकारी दिए ।



केही वर्ष अघि मात्र पुर्ननिर्माण गरिएको थियो । २ करोड ५० लाखको लागतमा पुर्ननिर्माण गरी मन्दिरलाई व्यवस्थित र आर्कषक

मन्दिरको संरक्षक १ हजार ८ स्वामी रमानानन्द गिरी महाराज छन् । उक्त मन्दिरमा बडा दशैं, चैते दशैं लगायतका पर्वमा भक्तजनको घुँइचो लाग्ने गर्दछ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# प्रधानमन्त्री कार्कीको सान्त्वना सन्देश

प्रधानमन्त्री सुशीला कार्कीको कार्यकाल अन्तिम चरणमा पुगेको छ । नयाँ सरकार गठन नहुँदासम्म कामचलाउ प्रधानमन्त्रीका रूपमा रहनेछन् । जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरेसँगै उनी कार्यकारी भूमिकाबाट बाहिरिने छिन् । सत्ताको लुकामारी, राजनीतिको दाउपेच र कुर्सीको रस्साकस्सीबाट टाढै रहेर प्रधानमन्त्री कार्की अहिले एउटा फरक अवस्था र भूमिकामा छिन् । जिम्मेवारी र कार्यकाल पूरा गरेर 'फेयरवेल' (बिदावारी)को घडी नजिकमा छिन् उनी । घटनाक्रमले सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरेपछि हलुका अनुभूति भएको बुझ्न सकिन्छ । त्यसैले उनी कहिले शोकमा रहेका नेताहरूलाई समवेदना दिन घरमै पुग्ने, कहिले बालुवाटारमै नेताहरूलाई बोलाएर 'धन्यवाद' दिनेजस्ता भूमिकामा देखिने गरेकी छन् ।

त्यसबाहेक प्रधानमन्त्री कार्कीले धार्मिक यात्रा गर्न पनि छुटाइनन् । बुधबारमात्रै उनले पशुपतिनाथको दर्शन गरिन् र रुद्राभिषेक पूजामा सरिक भइन् । 'हाम्रो देश उन्नतिको दिशामा अघि बढिरहोस् । सबै नेपालीबिच एकता, सद्भाव र आत्मीयताको भावना अझ बलियो बनोस्', रुद्राभिषेकपछि प्रधानमन्त्री कार्कीले सामाजिक सञ्जाल 'एक्स'मार्फत प्रार्थनासहितको सन्देश दिइन् । पदमा रहुञ्जेल शक्ति देखाउने र पदबाट बाहिरिने बेला 'अदृश्य' हुने वा अहंकार र दम्भ देखाउने प्रवृत्ति नेपालको राजनीतिमा प्रायः देखिन्छ । प्रधानमन्त्री कार्कीले भने त्योभन्दा भिन्न शैली अपनाइन्, देखाइन् ।

केही दिन यता सबै राजनीतिक दलका शीर्ष नेताहरूलाई पालैपालो भेटेर सद्भाव र सहिष्णुता देखाउने प्रयास गरेकी छन । राजनीतिक वृत्तमा यसलाई प्रधानमन्त्रीको 'सबैलाई भेट्ने र बिदा हुने' अर्थपूर्ण शैली र अभियानका रूपमा हेरिएको छ । शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न भएर परिणाम समेत आइसकेपछि प्रधानमन्त्री कार्की सबैभन्दा पहिला पितृ शोकमा रहेका एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्न उनकै निवास गुण्डु पुगिन् । त्यसपछि नेपाली कांग्रेसका सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मालगायतका नेताहरूलाई बालुवाटारमै बोलाएर उनले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्न प्राप्त साथ र सहयोग स्मरण गर्दै धन्यवाद व्यक्त गरिन् । एमालेका अध्यक्ष र कांग्रेसका सभापतिसहितका नेताहरूलाई भेटेपछि उनले एमाले नेता ईश्वर पोखरेल, प्रदीप ज्ञवालीसहितका नेताहरूलाई बालुवाटारमै बोलाएर छलफल गरिन् । त्यसपछि उनले नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', सहसंयोजक माधवकुमार नेपाल र राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल लगायतका नेताहरूलाई पनि बालुवाटारमै बोलाएर शिष्टाचार कायम राखिन् ।

प्रधानमन्त्री कार्कीको पछिल्लो भेटघाटलाई कतिपयले कुनै राजनीतिक सौदावाजीका लागि भन्दा पनि विगतको असहज परिस्थितिमा काम गर्दै जाँदा रहेका तिक्तता मेट्ने प्रयासका रूपमा अर्थ्याएका छन् । सामान्यतया सत्ता छाड्ने बेला जोसुकै प्रधानमन्त्री रक्षात्मक बन्छन् र देखिन्छन् । तर, अपवादका रूपमा सुशीला कार्की फरक देखिइन् । सुरुका दिनमा पुराना र इतिहास बोकेका भनिएका राजनीतिक दलहरूप्रति केही आक्रामक देखिए पनि अन्तिम क्षणमा उनी विनम्र र स्पष्ट बन्न पुगिन् । आफ्ना सारथि र सहयोगीलाई मात्र होइन, विपक्षी दलका नेताहरूलाई पनि उनले उत्तिकै सम्मानका साथ भेटेर राष्ट्रिय मुद्दामा एक हुनुस् भन्दै ढाडस दिएर राष्ट्रियता, संविधान र व्यवस्थामाथि उठदै आएका प्रश्नलाई व्यवहारबाटै जबाफ दिइन् । 'बालुवाटारबाट बहिर्गमन हुनेबेला अरु प्रधानमन्त्रीहरूले पनि विभिन्न नेताहरूलाई भेट्ने गरेको अनुभव छ, तर चुनावी सरकारको नेतृत्व गरे पनि प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक संस्कारलाई सकारात्मक रूपमा लिनुपर्छ ।'

पदबाट बाहिरिँदै गर्दा आफ्ना सहयात्री र प्रतिस्पर्धी दुवैलाई 'सान्त्वना' दिनुले प्रधानमन्त्री कार्कीको व्यक्तित्वको उचाइमात्र बढाएको छैन, बरु राजनीतिमा मानवीय संवेदना र शिष्टाचार अझै बाँकी छ कि भन्ने आशालाई जागृतसमेत गराएको छ । करिब ६ महिनाअघि सुशीला कार्कीले प्रधानमन्त्री पद सम्हाल्दा निर्वाचन होला कि नहोला, देश फेरि संवैधानिक दायरामा फर्किएला कि नफर्किएला भन्नेजस्ता अन्योलपूर्ण अवस्था थियो । सत्ता गुमाएका दलहरूले चुनावी सरकारमाथि विश्वास गरेर निर्वाचनमा भाग लिन्छन् कि बहिष्कारको नीति लिन्छन् भन्ने पनि अन्योल नै थियो । यी सब अन्योलका बाबजुद प्रधानमन्त्री कार्कीले कतैबाट औँला ठड्याउन नसक्ने गरी शान्तिपूर्ण वातावरणमा निष्पक्ष रूपमा निर्वाचन सम्पन्नमात्र गराइनन्, निर्वाचनबाट पराजित भएका पुराना दलका नेताहरूसँग शिष्टाचार भेट गरी लोकतान्त्रिक अभ्यासमा देखाएको भरोसाप्रति धन्यवाद दिइन् । प्रधानमन्त्री कार्कीको सान्त्वना भेट र सहमति र सहकार्यबाटै प्राप्त उपलब्धि रक्षा गर्दै जनताको अवस्था परिवर्तनको आकांक्षा पूरा गर्न सकिन्छ भन्ने सन्देश दिएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाब | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नौ करोड दुई लाखमा बन्यो फलेवास नगरपालिकाको भवन



**पोखरापत्र संवाददाता**
पर्वत, ४ चैत

सङ्घीय सरकारको ५० प्रतिशत अनुदान र ५० प्रतिशत नगरपालिकाको बजेटसहित रु नौ करोड २ लाखमा नगरपालिकाको ४२ कोठे भवन निर्माण भएको छ । नगरपालिकाका इन्जिनियर प्रवीण गौतमका अनुसार फलेवास–५ झकलकमा स्थानीयले निःशुल्क उपलब्ध गराएको ६० रोपनी आठ आना जग्गामा चारतले भवन निर्माण भएको हो ।

रङरोगन, झ्याल–ढोका जडान र साजसज्जाको काम सकेर विद्युत् 'वाइरिङ' जारी रहेको नगरप्रमुख गङ्गाधर तिवारीले जानकारी दिँदै यथाशीघ्र नयाँ भवनबाट सेवा प्रवाह गर्ने तयारी भएको बताउनुभयो ।

# म्याग्दीको ग्रामीण भेगमा स्वास्थ्य एकाइ स्थापना




**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ चैत

जिल्लाको मङ्गला गाउँपालिका–२ कुकुरबिसौनामा सामुदायिक स्वास्थ्य एकाइ स्थापना भएको छ । एकाइको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले मङ्गलबार उद्घाटन गर्नुभयो ।

त्यस अवसरमा उहाँले आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन पालिका प्रतिबद्ध रहेको बताउँदै गाउँको विकासलाई आफूले प्राथमिकता राखेको उल्लेख गर्नुभयो । मङ्गला गाउँपालिका–२ का वडाध्यक्ष धनबहादुर खाती क्षेत्रीका अनुसार एकाइबाट एक सय ३० परिवार लाभान्वित हुनेछन् । अब यहाँका बासिन्दाले रणवाङ, अर्मन, कुहुँ, सिङ्गा र पुलाचौर पुगेर स्वास्थ्य सेवा लिनुपर्ने बाध्यता अन्त्य भएको छ । यसअघि गाउँपालिकाले बुकेनी, हिदी र धारामा पनि सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गरेको थियो ।

# पर्वतमा आर्थिक गणना कार्यालय स्थापना

**पोखरापत्र संवाददाता**
पर्वत, ३ चैत

पर्वतमा आर्थिक गणना कार्यालय स्थापना गरिएको छ । आगामी वैशाख २ गतेदेखि असार ७ गतेसम्म हुने गणनाका लागि सदरमुकाम कुश्माको बडागाउँमा रहेको साविक सामाजिक विकास कार्यालयको भवनमा कार्यालय स्थापना गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी तथा जिल्ला आर्थिक गणना समन्वय समितिका संयोजक लक्ष्मीप्रसाद पौडेलले कार्यालयको उद्घाटन गर्नुभएको छ । कार्यालयमार्फत चैत महिनाभर गणनाको आवश्यक तयारी गरिने छ । पर्वत जिल्लामा आर्थिक गणनाका लागि १७ जना गणक र ३ जना सुपरीवेक्षक खटाईने भएको छ भने कार्यालयमा व्यवस्थापनका लागि पाँच जना कर्मचारी रहने आर्थिक गणना अधिकारी ऋषिराम पौडेलले जानकारी दिनुभयो । चैत मसान्तसम्म गणकको नियुक्ति, गणकहरूलाई तालिम प्रदान र पालिका तहमा सरोकारवालाबीच छलफल सकेर गणना सुरु गरिने आर्थिक गणना अधिकारी पौडेलले बताउनुभयो । जिल्लामा आर्थिक गणना सम्पन्न गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला जनगणना समन्वय समिति गठन गरिएको छ । पालिका तहमा स्थानीय तह समन्वय समिति र वडास्तरमा वडास्तरीय सहजीकरण समिति पनि गठन गरिने उहाँले बताउनुभयो । 'समग्र अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नारासहित चालु आर्थिक वर्षभित्र सम्पन्न हुने गरी देशैभर दोस्रो पटक आर्थिक गणना गर्न लागिएको हो । विसं २०७५ को वैशाखमा पहिलो पटक आर्थिक गणना भएको थियो । यस गणनाका दौरानमा पर्वत जिल्लाका १८ वटा आर्थिक क्षेत्रका आधारभूत विवरण सङ्कलन गरिने भएको छ । जसमा देशैभर रहेका दर्ता भए, नभएका ठुला साना, व्यापारिक प्रतिष्ठान, उद्योग, कलकारखाना, होटललगायतरोजगारीकाहिसाबले धैरै रोजगारी दिएका वा स्वरोजगार प्रतिष्ठानको तथ्याङ्क सङ्कलन गरिने गणना अधिकारी पौडेलले बताउनुभयो ।

# आकर्षक पर्यटकीयस्थल बन्दै रत्नेचौरको बुढो पोखरी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ चैत

बेनी नगरपालिका–१ मा पर्ने रत्नेचौरको बूढो पोखरीतर्फ पर्यटकको आकर्षण बढ्दै गएको छ । विसं १८६६ मा निर्माण भएको यो पोखरीको पुनःनिर्माण तथा सरसफाइ गरेर चिटिक्क बनाएपछि रत्नेचौर आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढेको हो ।

कृषि, धार्मिक र पर्यापर्यटनको त्रिधाम भनेर चिनिने रत्नेचौरमा बेनी–बागलुङ सडक खण्डको पश्चिम उत्तर खण्डमा अवस्थित बूढो पोखरी धौलागिरि क्षेत्रकै ठूलो मानवनिर्मित पोखरी हो । यस पोखरीमा संसारकै सातौँ अग्लो (आठ हजार, १६७ मिटर) धौलागिरि हिमालको प्रतिविम्ब देखिनुका साथै जलहाँसको सुन्दर क्रिडा देख्न सकिन्छ ।

स्थानीय भानु माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक एवं रत्नेचौरको विकास र प्रचारप्रसारमा लागि पर्नुभएका युवा भरत खत्रीका अनुसार ऐतिहासिक बूढो पोखरीले रत्नेचौरको सौन्दर्यलाई उजागर गर्नुका साथै पर्यटकको ध्यान खिच्न सफल भएको छ ।

"रत्नेचौर प्राकृतिक सुन्दरताले युक्त कृषि गाउँ हो । उत्तरतर्फ चाँदी झैं टल्किने हिमाल, समथर फाँटमा झुलिरहने बाली, चिटिक्कको गाउँ, खेतको फाँटको बिचमा लमतन्न परेको पक्की सडक, पारिपट्टी देखिने शालग्राम सङ्ग्रहालय र पञ्चकोट धाम, कालीगण्डकी नदी, म्याग्दी, बागलुङ, पर्वत र मुस्ताङका दर्जनौँ गाउँको दृश्यावलोकन यहाँबाट गर्न सकिने भएकाले पछिल्लो समय पर्यटकहरुको आकर्षण बढेको छ", उहाँले भन्नुभयो ।

पश्चिमदेखि पूर्वतर्फ मोहोडा गरेर लमतन्न फैलिएको विशाल र सुन्दर फाँटमा अवस्थित रत्नेचौरमा पछिल्लो समय राजनीतिक दलका नेता, चलचित्र छायाङ्कनका लागि आउने गरेका विक्रम बोगटीले बताउनुभयो । "तोरीबारी र सडकका कारण देश विदेशमा भाइरल बनेको रत्नेचौर गाउँमा पछिल्लो समय बूढोपोखरी र दुई जिल्ला जोड्ने (म्याग्दी–बागलुङ) झोलुङ्गे पुल थपिएपछि गाउँको आकर्षण नै बढेको छ", उहाँले भन्नुभयो । बूढोपोखरीमा जलहाँस पौडिरहेको दृश्य अत्यन्त आकर्षक देखिन्छ ।

विसं १८६६ मा राजा गीर्वाणयुद्धका मिरसुब्बा रहेका रत्नेचौरका वसन्त बोगटीले राजाको इच्छा मुताविक यो पोखरी निर्माण गर्न लगाएको इतिहास छ । तत्कालीन समयमा रत्नेचौरमा पानीको हाहाकार भएपछि मानव बस्ती नै विस्थापित हुने अवस्था आएकाले ढोडेनीबाट पानी ल्याइ यो पोखरी निर्माण गरिएको बताइन्छ । पोखरी निर्माण गरेपछि रत्नेचौरमा खेतीपाती गर्न थालिएको थियो । पोखरी आसपास क्षेत्रमा बगैँचा विस्तार गर्न सात रोपनी जग्गा छ ।

अहिले सोही जग्गामा बगैँचालगायतका केही पूर्वाधार निर्माण गरिएका छन् । यो पोखरीमा धवलागिरि हिमालको पूर्ण प्रतिविम्ब देखिने गर्छ ।

# लेखनाथ–दमौली २२० केभी प्रसारण लाइनको शिलान्यास

**पोखरापत्र संवाददाता**
दमौली, ४ चैत

नेपाल विद्युत् प्राधिकरणले जर्मनी सरकारको सहकार्यमा लेखनाथ–दमौली २२० केभी प्रसारण लाइन परियोजनाको शिलान्यास गरेको छ ।

बुधबार तनहुँको दमौली सबस्टेसनमा भएको कार्यक्रममा प्राधिकरणका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्य, नेपालका लागि जर्मन राजदूत उडो भोल्ज, केएफडब्लु विकास बैंकका बङ्गलादेश तथा नेपाल निर्देशक माइकल सुम्सरलगायतका प्रतिनिधिको सहभागिता थियो । जर्मनी सरकारको केएफडब्लु विकास बैंकमार्फत सह–वित्तपोषित यस परियोजनाअन्तर्गत करिब ४५ किलोमिटर लामो २२० केभी डबल–सर्किट प्रसारण लाइन निर्माण तथा लेखनाथ र दमौलीमा आधुनिक 'ग्यास–इन्सुलेटेड सबस्टेसन' स्थापना गरिने यहाँस्थित जर्मनी दूतावासले जनाएको छ ।

करिब एक हजार मेगावाट प्रसारण क्षमता भएको यस परियोजनाले क्षेत्रीय विद्युत् सञ्जाललाई सुदृढ बनाउने र तनहुँ जलविद्युत् आयोजनालगायतका जलविद्युत् परियोजनाबाट उत्पादित विद्युत्को प्रभावकारी प्रसारण सुनिश्चित गर्नेछ । साथै, ग्रिडको भरपर्दोपन बढाउँदै नवीकरणीय ऊर्जाको समावेशलाई प्रोत्साहन गर्दै नेपालको दिगो आर्थिक विकास र ऊर्जा सुरक्षामा महत्वपूर्ण योगदान पुर्‍याउनेछ । जर्मन राजदूत भोल्जले भन्नुभयो, "नेपालको बढ्दो ऊर्जा आवश्यकतालाई पूरा गर्न विश्वसनीय प्रसारण पूर्वाधारको विस्तार अत्यन्त आवश्यक छ । नेपालसँग सहकार्य गर्दै यसको विद्युत् सञ्जाल सुदृढ गर्न र यसको विशाल नवीकरणीय ऊर्जा सम्भावनालाई उपयोग गर्न पाउँदा जर्मनी सरकार गर्व गर्छ । यस्ता परियोजनाले स्वच्छ ऊर्जा घरपरिवार, व्यवसाय र उद्योगसम्म पुर्‍याउँदै दिगो आर्थिक वृद्धिमा योगदान पुर्‍याउँन सहयोग विश्वास लिएको छु ।" उक्त परियोजनाले नेपाल–जर्मनीबीचको उन्नत ऊर्जा सहकार्यलाई पनि प्रतिविम्बित गर्दछ । जर्मन वित्तीय सहकार्यले दशकौँदेखि नेपालको ऊर्जा क्षेत्रमा योगदान गर्दै आएको छ, जसको सुरुवात तल्लो र मध्यमर्स्याङ्दी जलविद्युत् परियोजनाबाट भएको थियो । नेपालको विद्युत् प्रणाली विस्तारसँगै सहकार्य प्रसारण पूर्वाधार सुदृढीकरणतर्फ केन्द्रित हुँदै चिलिमे–त्रिशूली प्रसारण लाइन तथा राष्ट्रिय भार प्रशारण केन्द्रमा सहयोग प्रदान गरिएको छ । साथै, घरेलु सौर्यप्रणाली, सौर्य सिँचाइदेखि ग्रिडमा जडित सौर्य परियोजनासम्म सहयोग गर्दै नेपालमा करिब ५५ मेगावाट सौर्य ऊर्जा उत्पादन क्षमतामा योगदान पुर्‍याइएको छ । आगामी दिनमा जर्मन वित्तीय सहकार्यले विद्युत् वितरण प्रणाली सुदृढीकरणमा अझ ध्यान केन्द्रित गर्नेछ, जसले उपभोक्ता र व्यवसायलाई भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्ने अपेक्षा गरिएको छ । यी भौतिक पूर्वाधार लगानीसँगै 'जिआइजेड'मार्फत सञ्चालन हुने जर्मन प्राविधिक सहकार्यले नीति, प्रणाली तथा दक्षता विकासमा सहयोग गर्दै विद्युत् पूर्वाधार विस्तारको प्रत्यक्ष लाभ जनतालाई पुग्ने सुनिश्चित गर्दछ । गण्डकी प्रदेशमा यसले पोखरा महानगरपालिकालाई पाँच वर्षीय नगर ऊर्जा योजना निर्माणमा सहयोग पुर्‍याएको छ, जसले ऊर्जा दक्षता र स्वच्छ ऊर्जाको प्रयोगलाई मार्गदर्शन गर्नेछ । साथै, पोखरा र दमौलीमा दुई वटा विद्युतीय सवारी 'चार्जिङ स्टेसन' स्थापना तथा बागलुङका दुई साना जलविद्युत् आयोजनालाई राष्ट्रिय ग्रिडमा समाहित गर्न सहयोग गर्नेछ ।

लेखनाथ–दमौली प्रसारण लाइनजस्ता पूर्वाधारले विद्युतीय सवारी तथा अन्य न्यून–कार्बन प्रविधिहरूको प्रयोग बढाउन आधार तयार पार्दै नेपाललाई आयातित जीवास्म इन्धनमा निर्भरता घटाउने लक्ष्यमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा २२, कास्की 'चुत्राल सिढी बाटो निर्माण तथा स्तरोन्नति उपभोक्ता समिति' को तपसिलबमोजिम आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालामा जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
योजनाको नामः चुत्राल सिढी बाटो निर्माण तथा स्तरोन्नति उपभोक्ता समिति
योजनाको कुल लागत : ५,५६,४६९।-
आयोजना सम्झौता मिति : २०८२।०९।१७
आयोजना सुरु मिति : २०८२।१०।०१
आयोजना सम्पन्न मिति : २०८२।१०।३०
बाटोको लम्बाई : १८० मिटर
वडास्तरीय योजना विनियोजित रकम : ५,००,०००।-
जनसहभागिता : ५६,४६९।-
जम्मा खर्च : ५५६,४६९।-
उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यः अध्यक्ष : रामचन्द्र वि.क., सचिव : शान्ति नेपाली, कोषाध्यक्ष : देवी सुनार, सदस्य : सन्तुमाया परियार, सदस्य : कृष्णबहादुर वि.क., सदस्य : सुमित्रा परियार, सदस्य : सीता नेपाली
अनुगमन समितिः खिमबहादुर वि.क., सीता नेपाली र सुकराम वि.क.

**चुत्राल सिढी बाटो निर्माण तथा स्तरोन्नति उपभोक्ता समिति पोखरा-२२**

# व्यावसायिक खेतीबाट वार्षिक ३० लाख आम्दानी

पोखरापत्र संवाददाता
म्याग्दी, ४ चैत

म्याग्दीका किसानले व्यावसायिक खेतबाट वार्षिक रु ३० लाखसम्म आम्दानी गर्दै आएका छन् । यहाँका किसानले बेमौसमी तरकारी, फलफूललगायत खेती गरेर वार्षिक रु ३० लाखभन्दा बढी आम्दानी गर्दै आएका हुन् ।

जिल्लाको बेनी नगरपालिका-२ लभ्लीहिलका चन्द्रबहादुर कार्की, खबराका सोभित शर्मा, भकिम्लीका टेकबहादुर घर्ती, मरेकका इन्द्र थापा, बासकुनाका तिलक गुरुङ, मङ्गला गाउँपालिका-३ का सन्तनाथ सापकोटालगायत जिल्लाका कैयौँ किसानले तरकारी र फलफूल खेतीमार्फत गाउँमा समृद्धिको नयाँ इतिहास रचेका छन् । बेनी-२ का कार्कीले नौ रोपनी जमिनमा मौसमी र बेमौसमी तरकारी उत्पादन गर्दै वार्षिक रु ३० लाखभन्दा बढी आम्दानी गर्दै आएको बताउनुभयो । उहाँले धान फल्ने खेत र कोदो झुल्ने बारीभरि तरकारी र फलफूल खेती गरेको उहाँले जानकारी दिनुभयो । आफ्नो कमाइबाट बेनी बजार र गाउँमा घर बनाएको कार्कीको भनाइ छ। किसानको कठिनाइबीच मल, बीउ, पानी र बजारको समस्या समाधान गर्दै दिनरात मेहनत गर्नुभएका कार्कीको बारीमा साग, बन्दाकोबी, प्याज, लसुन, मुला, गाजर, धनियाँलगायत मौसमी तथा बेमौसमी तरकारी लगाउनुभएको छ । ६५ वर्षिय कार्की जहिले पनि खेतबारीको माटोसँग खेलिरहेको देखिनुहुन्छ। राष्ट्रकवि माधवप्रसाद घिमिरेको कविताका अंश 'ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पिपल' जस्तै उहाँको जीवन पनि सिर्जनात्मक श्रमको प्रत्यक्ष उदाहरण बनेको बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो । कार्कीको सफलताले युवालाई विदेश जानुभन्दा गाउँमा बसेर मेहनत गर्न प्रेरणा दिएको छ। स्थानीय कृषक तेजेन्द्र कार्कीले भन्नुभयो, "कार्की दाइको पसिनाले माटोमा सुन फलाएको छ । उहाँको खेतबारी जापान, कोरिया वा अमेरिका जस्तै भएका छन् ।" पत्रकार महासङ्घ म्याग्दीका अध्यक्ष हरि कृष्ण गौतमका अनुसार कार्कीको मिहिनेतले गाउँमा पैसाको प्रवाह बढाएको छ भने स्थानीय बजारमा तरकारी आपूर्ति सहज बनाएको छ । व्यापारीको कारोबार बढ्दा कतिपय युवाले गाउँमा रोजगारी पाउन थालेका उहाँको भनाइ छ । अध्यक्ष गौतमले भन्नुभयो, "जिल्लाका अधिकांश किसान पछिल्लो समय तरकारी र फलफूलको व्य वसायिक खेती गरी मनग्ये आम्दानी गर्दै आउनुभएको छ । सिजनमा सुन्तला बेचेर रु पाँच लाखदेखि रु ४० लाख आम्दानी गर्ने किसान पनि जिल्लामा हुनुहुन्छ। तरकारी र फलफूलबाट विदेशमा भन्दा बढी कमाइ गर्न सकिने प्रशस्त उदाहरण म्याग्दीमा देखिन्छन् ।"

कार्कीले रासायनिक मल र विषादी प्रयोग नगरी शुद्ध, आर्ग्यानिक तरकारी उत्पादनलाई प्राथमिकता दिनुभएको छ। यसले उपभोक्ताको विश्वास जितेको उहाँको भनाइ छ । बेनी बजारका व्यवसायी टीकाबहादुर पाण्डेले भन्नुभयो, "स्वास्थ्यप्रति सचेत उपभोक्ताले कार्की दाइको उत्पादनलाई प्राथमिकता दिन थालेका छन् ।"

जिल्लाका किसानले तरकारी र फलफूल खेतीबाट पाएको यो सफलता व्यक्तिगत सफलता मात्रै नभएर सामुदायिक समृद्धिको कथा भएको बताउँछन् । यहाँका किसानको यो उदाहरणीय मिहिनेतले गाउँमा आर्थिक पाटो चलायमान बनाउन, रोजगारी सिर्जना गर्न, समृद्धिका पक्षमा सकारात्मक सन्देश दिएको उद्योग वाणिज्य सङ्घ म्याग्दीका अध्यक्ष सुविन श्रेष्ठले धारणा राख्नुभयो।

# पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै 'सुन गुफा'

वासुदेव पौडेल
गण्डकी, ४ चैत



पर्यटकीय राजधानी पोखरा गुफाहरूको सहर पनि हो । यहाँस्थित महेन्द्र, चमेरे, गुप्तेश्वर महादेवलगायत गुफाहरूले पर्यटकीय आकर्षण बढाएका छन् ।

विभिन्न रहस्यात्मक गुफाका कारण पोखरा आउने पर्यटकको बसाइँसमेतलम्ब्याइरहेकोअवस्थामा पोखरा महानगरपालिका-३३ भरतपोखरीको तिक्लाङस्थित सुन गुफालाई अर्को नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न यतिखेर यहाँका स्थानीयवासी सक्रिय बनेका छन् । करिब डेढ किलोमिटर लामो अनुमान गरिएको उक्त गुफा तिक्लाङ खेलमैदानको बीचबाट सेती नदीको तिर स्थित चुनेपहरोसम्म रहेको स्थानीयवासी बताउँछन् ।

स्थानीयहरू यस गुफाका सम्बन्धमा धेरै पहिलादेखि जानकार भए पनि यसको पर्यटकीय उपयोगप्रतिको चासो भने विस्तारै विकसित भएको चुने पहरा सुन गुफा संरक्षण समितिका अध्यक्ष सङ्गीत बानियाँले बताउनुभयो। गुफाको संरक्षण र विकाससँगै यसको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्न तत्कालीन पर्यटनमन्त्री स्व रवीन्द्र अधिकारीले चासो दिनुभएको उहाँले जानकारी दिनुभयो ।

स्व अधिकारीका साथै उहाँपछि यहाँका प्रतिनिधिसभा सदस्य विद्या भट्टराई, तत्कालीन वडाध्यक्ष शिवप्रसाद आचार्य हुँदै वर्तमान वडाध्यक्ष रामचन्द्र अधिकारीले यस गुफाको प्रवर्द्धन र विकासका लागि सहयोग गर्दै आउनुभएको अध्यक्ष बानियाँले उल्लेख गर्नुभयो। पछिल्ला वर्षमा यसको पूर्वाधार विकासतर्फ पनि राज्यको चासो बढिरहेको बताउँदै उहाँले हालसम्म सङ्घीय र स्थानीय बजेट गरी करिब रु ५० लाख बराबरको पूर्वाधार विकासका क्षेत्रमा काम भइसकेको बजानकारी दिनुभयो।

गुफाको संरक्षण, प्रवर्द्धन र विकासका लागि विसं २०७६ मा कार्यालय भवन निर्माण गरिसकिएको जनाउँदै अध्यक्ष बानियाँले गुफाको प्रवेशद्वारसहित परिसरको व्यवस्थापन, सिँढी बाटो निर्माणलगायत कामहरू सम्पन्न भइसकेका उल्लेख गर्नुभयो। गुफासमेत समेटिएको करिब ३० रोपनी क्षेत्रफल जग्गा रहेको बताउँदै उहाँले यसको पर्यटकीय उपयोग गर्ने सोच राखिएको जानकारी दिनुभयो । उहाँका अनुसार रहस्यात्मक गुफाभित्र प्राकृतिक रूपमा बनेका विभिन्न आकृतिसँगै ठूलो सङ्ख्यामा रहेका चमेरा अवलोकन गर्न सकिन्छ। पूर्वाधार विकासलाई प्राथमिकतामा राखी काम भइरहेको बताउँदै अध्यक्ष बानियाँले गुफा प्रवेशका लागि बिजुलीबत्तीको व्यवस्थापनसहित शौचालयलगायत पूर्वाधार निर्माण सम्पन्न गर्दै पर्यटकका लागि औपचारिक रूपमा खुला गर्ने सोच बनाइएको जानकारी दिनुभयो। गुफासहित यस परिसर प्राचीनकालदेखि धार्मिक रूपमा महत्वपूर्णस्थल रहेको उहाँको भनाइ छ। पृथ्वीराजमार्गअन्तर्गत पोखरा महानगरपालिका-३० पावरहाउसबाट करिब १० मिनेटको हिँडाइमा पुग्न सकिने यो गुफा पोखराको मुख्य बजारबाट सार्वजनिक यातायातबाट सहज रूपमा आउनजान सकिन्छ । गुफाभन्दा माथि रहेको तिक्लाङ चोकसम्म पोखरा महानगरका सार्वजनिक बसहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन् । पछिल्ला समयमा कृषि पर्यटनको आकर्षक केन्द्रसमेत भएको तिक्लाङसहित समग्र बागमारा क्षेत्र दूधको सहरका रूपमा पनि प्रसिद्ध छ। गुफा अवलोकन गर्न आउने पोखरा र आसपासका आन्तरिक पर्यटकले यस क्षेत्रमा उत्पादित दूध तरकारी आदि कोसेलीका रूपमा लैजान सक्छन् ।

पोखराको दोभिल्ला हुँदै पुडिटारसम्म विश्व बैंकको सहयोगमा बनेको फराकिलो सडकका कारण पनि यहाँको मुहार फेरिएको स्थानीय बताउँछन् । गुफासहित यस क्षेत्रको पर्यटकीय विकासलाई वडाले प्राथमिकतामा राखेको पोखरा-३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले बताउनुभयो। "हामीले यस क्षेत्रका हरेक सम्भावनालाई उजागर गर्न खोजेका छौँ", उहाँले भन्नुभयो, "सुन गुफाको प्रवर्द्धनसँगै यहाँका कृषि पर्यटनका हरेक सम्भावनालाई पनि सँगसँगै लैजाने हाम्रो लक्ष्य छ ।" सुन गुफा धेरै पर्यटकीय सम्भावना भएको गन्तव्यका रूपमा रहेको बताउने युवा पदम थापाले यसको पर्यटकीय उपयोगमा सबैको चासो पुग्नुपर्नेमा जोड दिनुभयो । यसको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार हुनसकेमा आन्तरिक पर्यटनको विकाससँगै पोखरा आउने विदेशी पर्यटकको बसाइँ लम्ब्याउन पनि सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । "गुफा अवलोकनका लागि पर्यटकको आगमन बढाउन सकेमा त्यसले यहाँका स्थानीयको रोजगारी अभिवृद्धिमा पनि महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ", उहाँले भन्नुभयो, "बढ्दो पर्यटकको आगमनले यहाँका उत्पादनको बजारीकरणमा पनि सहयोग पुग्ने भएकाले अर्थतन्त्र चलायमान बनाउनसमेत गुफाको पर्यटकीय उपयोग आवश्यक छ।"

# वन डढेलो नियन्त्रणका लागि समुदायस्तरसम्म सचेतनामूलक कार्यक्रम

पोखरापत्र संवाददाता
तनहुँ, ४ चैत

डिभिजन वन कार्यालय तनहुँले वन डढेलो नियन्त्रणका लागि सामुदायिक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना अघि सारेको छ। वन क्षति न्यूनीकरण र समुदायलाई जिम्मेवार बनाउने लक्ष्यसहित समुदायस्तरमा पुगेर वन डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो।

उहाँका अनुसार जिल्लामा ६२५ वटा सामुदायिक छन् । बाँदर र अन्य वन्यजन्तुले बाली र वनस्पतिमा क्षति पुऱ्याएको भन्दै कतिपयले जानीजानी सामुदायिक वनमा डढेलो लगाउने गरेको पाइएकाले सचेतना कार्यक्रम आवश्यक रहेको रानाभाटले बताउनुभयो । उहाँले भन्नुभयो, "कतिपय स्थानमा किसानहरूले बाँदरले समस्या पुऱ्याएको भन्दै जानीजानी डढेलो लगाउने गरेको पाइन्छ । यसबाट वनमा व्यापक क्षति हुने र वातावरणीय सन्तुलन बिग्रने खतरा बढ्ने भएकाले सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिएका छौँ।"

उहाँका अनुसार वन डढेलो सप्ताहव्यापी कार्यक्रमको लक्ष्य भनेको डढेलो लाग्न नदिनु र लागेमा सुरक्षित रूपमा नियन्त्रण गर्नु हो । "वन डढेलो नियन्त्रणमा सबैभन्दा नजिक समुदाय छन् । त्यसैले सबै तहका समुदायलाई परिचालन गरेर सूचना, उपाय र सुरक्षा सम्बन्धी प्रशिक्षण दिने योजना बनाइएको छ", उहाँले भन्नुभयो । प्रमुख रानाभाटका अनुसार प्रत्येक सामुदायिक वनमा आगो लगाउने जोखिम र त्यसबाट हुने नोक्सानीसम्बन्धी जानकारी प्रदान गरिनेछ। सुरक्षित डढेलो नियन्त्रण विधि ८८ र आकस्मिक अवस्था सामना गर्ने उपायबारे प्रशिक्षण गराइने। सबै सदस्य सचेत भएनन् भने डढेलो नियन्त्रण प्रभावकारी हुन नसक्ने भएकाले समुदायसँग सहकार्य र निरन्तर संवाद गरिने उहाँको भनाइ छ । रानाभाटका अनुसार सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ। वन डढेलो हामी सबैको साझा चुनौती भएकाले सबै मिलेर यसको सामना गर्नुपर्नेमा उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "वन डढेलोले तापक्रम बढाउनुका अतिरिक्त वन्यजन्तु तथा वनस्पतिको वासस्थान नष्ट गर्ने, माटो नाङ्गो र कमजोर बनाई भलको बहाव र गति बढाई भूक्षय, बाढी, पहिरो, डुबानजस्ता प्रकोपले धन, जन र सम्पदामा क्षति पुग्छ।"

वन डढेलोले कम्तीमा दश प्रतिशत तापक्रम बढाउने प्रमुख रानाभाटले जानकारी दिनुभयो । डढेलोबाट भुइँमा झरेको रुखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रुखमा धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको वासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने र वनमा लागेको आगो नजिकको गाउँघरमा सरी धनजनको क्षति हुने जोखिम हुने उहाँले बताउनुभयो।

गर्मी मौसममा बिडी, चुरोट खाएर ननिभाइ वनमा फाल्नाले, वन्यजन्तु भगाउन आगो लगाउनाले, नयाँ घाँस उमार्नका लागि आगो लगाउनाले डढेलो बढ्न सक्ने भएकाले यसतर्फ सबै सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

# पर्यापर्यटनको केन्द्रका रूपमा विकास हुँदै 'म्हाजु'

पोखरापत्र संवाददाता
वालिङ, ४ चैत

आँधीखोला गाउँपालिका-१ मा अवस्थित म्हाजु भञ्ज्याङ पर्यटकको रोजाइमा परेको छ। सिरुबारी सामुदायिक घरबास (होमस्टे) पुग्ने मूल सडक किनारमा यो स्थानमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेको छ ।

आँधीखोला गाउँपालिका-१ वडाध्यक्ष पवनकाजी अधिकारीका अनुसार आर्थिक वर्ष २०८०/८१ देखि यस ठाउँमा पर्यापर्यटनको माध्यमबाट स्थानीयलाई रोजगारीसँग जोड्नेगरी कार्यक्रम अगाडि सारिएको छ। "म्हाजु भञ्ज्याङमा पर्यापर्यटन उद्यान, माझकटेरी म्हाजु स्वागत द्वार निर्माण, आकर्षक झुला, प्रतिक्षालय, म्हाजुभञ्ज्याङ इकोभिलेज एन्ड रेष्टोको रूपमा विकास गरिएको छ", उहाँले भन्नुभयो, "यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई स्थानीय अर्ग्यानिक स्वाद पस्कनुका साथै स्थानीयस्तरमा उत्पादित वस्तुको बिक्रीका लागि कोसेली घर पनि निर्माण गरिएको छ।" आँधीखोला गाउँपालिका र स्थानीय युवाको साझेदारीमा यस ठाउँमा पूर्वाधार विकासका लागि झन्डै रु एक करोड लगानी भइसकेको वडाध्यक्ष अधिकारीले जानकारी दिनुभयो । वडा कार्यालयले सार्वजनिक जमिनलाई भाडामा लगाएर 'इको स्टे' सञ्चालन गरेकाले स्थानीय १० जना युवकले रोजगारी पाएका छन् । दैनिक ५०० आन्तरिक तथा बाह्य पर्यटक म्हाजु आउने गरेका छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, मियाँपाटन फुट ट्र्याक सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मियाँपाटन फुट ट्र्याक सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३
योजना सुरु हुने मितिः २०८२/०९/३० गते
योजना सम्पन्न हुने मितिः २०८२/११/३० गते
योजनाको कुल लागतः रु. ८,८८,८८९।-
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु. ८८,८८९।-
उपभोक्ता समिति अध्यक्षः नाजिज अलि
सम्पर्क नं.: ९७६६०१७८२७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**मियाँपाटन फुट ट्र्याक सडक स्तरोन्नती**
**पोखरा-१३**



## विमालेख हरायो

यहि मिति २०८२/१०/०५ गते छोरेपाटनबाट पृथ्वीचोक जाने क्रममा लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाली लि.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमितको नामः ध्रुब पोखेल
ठेगानाः पोखरा-२१, कास्की
विमालेख नं.: १३००२७२८३
सम्पर्क नं. ९८५६०४४०८४



## Bareng Rural Municipality
Hugdisir, Baglung
Gandaki Province, Nepal

## Invitation for Bids

**(Date of Publication: 2082-12-05 BS (2026-March-19 AD)**

1. Bareng Rural Municipality Office, Hugdisir, Baglung invites electronic bids only from eligible bidders for the Road works mentioned in table below under contract.

| S. N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc. Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Gaupalika ring road sadak starunnati | BRM/BAGLUNG/ NCB/W/R/ 8/2082/83 | NRs.22,67,466.35 | NRS 3000 | 57000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

Chief Administrative Officer